गरिमामय गाउँ सभाको आठारौं अधिवेशनका सभाध्यक्ष ज्यू,
गाउँसभाका सदस्यज्युहरु,
गाउँसभाका सचिवज्यु तथा उपस्थित सम्पूर्ण महानुभाबहरु एबं
कर्मचारी मित्रहरुमा हार्दिक अभिवादन,

यस गरिमामय गाउँसभाको आठारौं अधिवेशनमा खनियाबास गाउँपालिका उपाध्यक्ष तथा सभाको उपाध्यक्ष एबं स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले आ.व.२०८३/०८४ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।
निरंकुश राणा शासनको अन्त्य, २०४६ सालको संयुक्त जना आन्दोलन, २०५२-६२ को १० वर्षे जनयुद्ध, २०६२/०६३ को संयुक्त जनान्दोलन, २०१७ सालको खनियाबास बिद्रोह लगायत गणतन्त्र स्थापनार्थ भएका बिहिन्न आन्दोलनहरुमा बलिदान हुनु भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतन्त्र, संघिय गणतन्त्र स्थापना तथा कार्यन्वयनमा महत्वपूर्ण योगदान दिनु भएका सबै नागरिकहरु उच्च सम्मान पानी व्यक्त गर्दछु ।
आज हामी स्थानीय सरकारको रुपमा खनियाबास गाउँपालिका संचालनको दोस्रो कार्यकालको चौथो वर्षमा प्रवेश गरेका छौं । सुशासनको प्रत्याभूति सहित आन्तरिक आय र उपलब्धि हासिल्को चुनौती तथा नागरिकको महत्वाकांक्षी आशा एबं कार्यान्वयनको विविध जटिलताहरुका बीचमा कार्य गर्नुपर्दा आर्थिक स्रोतको व्यवस्थापनले मात्र पनि सफल स्थान बनाउन नसक्ने हुँदो रहेछ । बस्तुनिष्ठ सर्वेक्षण, तथ्यांक, अध्ययन ज्ञान तथा स्रोतहरुको पहिचान संकलन र व्यवस्थापन सहितको शसक्त योजना निर्माण गर्दै नागरिकलाई विकाससंग, बजेटलाई कार्यान्वयनसङ लक्षित गर्दै लैजान सक्नुपर्दछ । यो बजेट तर्जुमाको चरणदेखि कार्यान्वयनको पक्षसम्म सुदृढताका साथ लाग्न सक्यौं भने यसको लक्षा सजिलै हासिल गर्न सकिन्छ भन्नेमा म पूर्ण बिश्वस्त छु ।
गाउँपालिकाको आन्तरिक आयको बढोत्तरीमा देखिएको दबाब र चुनौतीलाई सम्वोधन गर्दै नागरिकसंग प्रत्यक्ष सम्बन्ध राख्ने आर्थिक, सामाजिक, भौतीक, सांस्कृतिक, कानुनी,

लगायत जनजीविकाका सवलहरुलाई संरक्षण, संवर्द्धन तथा रुपान्तरण गर्ने तर्फ आगामी आ.व.को वार्षिक बजेट निर्देशित गरेको छु । आम गाउँपालिकाबासीको बिकास र सम्वृद्धिको चाहनालाई सम्वोधन गर्ने तथा आर्थिक, सामाजिक विकासमा पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई लाभको पहुँचमा पुर्याउन बजेट तथा कार्यक्रम लक्षित गरेको कुरालाए सभालाई जानकारी गराउदछु ।

श्रदेय सभाध्यक्ष एवं
सदस्य ज्युहरु,

अब म गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटको दीर्घकालीन सोच, वजेटका प्राथमिकता र उद्देश्यहरु माथि प्रकाश पार्न चाहन्छु ।

- उपलब्ध स्रोतसाधन तथा अवसर र क्षमताको अधिकतम परिचालन गरी गरिवी निवारण र रोजगारी अभिवृदी गर्नु ।
- समाजवाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि आवस्यक भौतिक, आर्थिक तथा सामाजिक पूर्वाधार विकासमा जोड दिनु ।
- सार्वजनिक खर्चमा नियमितता, प्रभावकारिता, कार्यदक्षता, औचित्यता, पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व वृद्धि गर्दै वित्तीय अनुशासन कायम गर्दै आर्थिक सुशासन कायम राखु ।
- जनताको दैलो अगाडीको सरकारको रुपमा साना योजनादेखि जनताको माग र आवश्यकताको सम्बोधन हुने गरी प्रभावकारी बजेट बिनियोजन गर्नु ।

आ.व. २०८३/०८४ को बजेटका प्राथमिकताहरु देहाय् बमोजिम रहेका छन् ।

- सभ्य, समुन्नत, सम्बृद्ध र समाजवाद उन्मुख गाउँपालिका निर्माण गर्ने ।

- सीपमूलक जनशक्ति र उद्यमशीलता विकास गरी रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्दै आर्थिक स्वतन्त्रता हासिल गर्ने ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने योजना र कार्यक्रममा जोड दिने ।
- गाउँपालिका केन्द्र जोड्ने मुख्य र सबै शाखा सडकलाई प्राथमिकतामा राखी सडकको स्तरोनन्ति तथा मर्मत सम्भार गरि सडकको गुणस्तर वृद्धि गर्ने ।
- शिक्षा, स्वास्थ्य र खानेपानीमा सेवाको सर्वसुलभ पहुँचमा अभिवृद्धि गर्दै सेवाको गुणस्तरमा जोड दिने ।
- कृषि सेवा, पशु सेवा, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र संरक्षणमा जोड दिने ।
- सामाजिक सुरक्षा र सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्ने ।
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त, गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धी गर्न नविनतम प्रविधिलाई आत्मसात् गर्ने ।
- पालिकाभित्रको जोखिमजन्य स्थानहरुको पहिचान गर्दै विपदबाट प्रभावित बस्ति तथा घरपरिवारको लागि तत्कालिन बसोबासको उचित व्यवस्थापन गर्दै दिर्घकालिन समाधान गर्ने ।
- आधुनिक शिक्षा पद्धतिलाई आत्मसात गरि जीवनउपयोगी र नैतिक शिक्षालाई समय सन्दर्भ अनुकुल परिमार्जन र परिस्कृत गर्दै सभ्य र समुन्नत समाजको निर्माण गर्ने ।

माथि उल्लेखित उद्देस्यहरु परिपूर्ति गर्नका लागि बजेट तर्जुमा गर्दा निम्न सूचकहरुलाई आधार मानेको छु ।

- नेपालको संविधान, २०७२
- संघीय सरकारको आवधिक योजना, लक्ष्य, उद्देस्य एवं प्राथमिकता र रणनीतिहरु
- प्रदेश सरकारको आवधिक योजना, नीति तथा कार्यक्रम
- दीगो विकासका लक्ष्यहरु (सन् २०१६-२०३०)
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४

- गाउँपालिकाको आर्थिक बिधेयक, २०८३
- गाउँपालिकाको बिनियोजन बिधेयक, २०८३
- गाउँपालिकाको २०८३/०८४ को नीति तथा कार्यक्रमहरु
- नेपाल सरकारले राष्ट्रिय तथा अन्तरास्ट्रिय मन्चमा व्यक्त गरेका प्रतिबद्धताहरु
- गाउँपालिकाको दोस्रो आवधिक योजना
- विषयगत समितिको सिफारिस
- वडा समितिको प्राथमिकतामा रहेका कार्यक्रमहरु
- विज्ञ समूहको परामर्श तथा सुझाव र सल्लाह
- कार्यपालिकाले आवस्यक ठानेका र जनसहभागिता जुट्ने आयोजनाहरु
- विपन्न परिवारको आयआर्जनका योजनाहरु
- क्रमागत विकास योजनाहरु
- गाउँपालिकाको योजना बैंक

श्रदेय सभाध्यक्ष
एवं सदस्यज्यूहरू,

संघीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानको रकम सम्बन्धित शिर्षकमा खर्च हुने व्यवस्था मिलाएको छु । गाउँपालिकाको प्रशासनिक खर्च राजस्व बाँडफाँड र आन्तरिक श्रोतबाट हुने गरी व्यवस्था मिलाएको छु । प्रशासनिक खर्चलाई न्यूनीकरण गर्दैं पुँजीगत खर्च तर्फ वजेट वृद्दि गर्ने प्रयत्न गरेको छु

सभाध्यक्ष महोदय,
अब म चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको प्रगति विवरण सक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

१. राजश्व परामर्श समितिको प्रतिवेदन तथा आर्थिक वर्ष २०८२/०८३ को लागि संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको अन्तरसरकारी वित्तीय

हस्तान्तरणको आधारमा कुल बजेट रु. ४६ करोड ९ लाख ५३ हजार ५ सय ३१ रुपैया ८६ पैसा बिनियोजन गरिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा अनुदान फिर्ता समेत गरी संसोधित यथार्थ बजेट रकम रु. ४६ करोड १५ लाख ३८ हजार ४ सय ७८ रुपैया हुन आएकोमा हालसम्म भएको खर्चको विवरण यस प्रकार रहेको छ ।

| बजेट | | हालसम्म भएको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | २७ करोड ३४ लाख ९८ हजार रुपैया | १८ करोड ५५ लाख ५ हजार २ सय ४१ रुपैया ५८ पैसा | ६७.८३% |
| पुँजीगत | १८ करोड ८० लाह ३७ हजार ४ सय ७८ रुपैया | ६ करोड ९६ लाख ५९ हजार ९ सय १२ रुपैया ९६ पैसा | ३७.०४% |
| जम्मा | ४६ करोड १५ लाख ३५ हजार ४ सय ७८ रुपैया | २५ करोड ५१ लाख ६५ हजार १ सय ५४ रुपैया ५४ पैसा | ५५.२८% |

सभाध्यक्ष महोदय,

अव म आगामी आ.व.२०८३/०८४ को अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

२. गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसको आधारमा आगामी आ.व.२०८३/०८४ को कुल बजेट ४३ करोड ८२ लाख १२ हजार रुपैया प्रस्ताव गरेको छु ।

**आ.व. २०८३/८४ को लागि अनुमानित आय बिबरण :-**

| क्र.स. | स्रोत | | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | | संघिय सरकार | ७,३५,७४,०००.०० | सात करोड पैतिस लाख |

| | | | | |
|---|---|---|---|---|
| | राजश्व बाडफाडबाट प्राप्त अनुदान | | | चौहत्तर हजार |
| २ | | प्रदेश सरकार | २,४५,०९,०००.०० | दुई करोड पैतालिस लाख नौ हजार |
| ३ | समानीकरण अनुदान | संघिय सरकार | ९,१९,००,०००.०० | ९ करोड उन्नाइस लाख |
| ४ | | प्रदेश सरकार | ७९,७५,०००.०० | उनान्असि लाख पचहत्तर हजार |
| ५ | सशर्त अनुदान | संघिय सरकार | १२,१६,००,०००.०० | बार्ह करोड सोर्ह लाख |
| ६ | | प्रदेश सरकार | ९०,५४,०००.०० | नब्बे लाख चउन्न हजार |
| ७ | समपुरक अनुदान | संघिय सरकार | १,८६,००,०००.०० | एक करोड छ्यासी लाख |
| ८ | | प्रदेश सरकार | २,८०,००,०००.०० | दुई करोड असि लाख |
| ९ | बिशेष अनुदान | संघिय सरकार | १,७९,००,०००.०० | एक करोड उनान्असि लाख |
| १० | | प्रदेश सरकार | ७०,००,०००.०० | सत्तरी लाख |
| १२ | रोयल्टी बाँडफाड (सामुदायिक वन) | | १,००,०००.०० | एक लाख |
| १३ | घरजग्गा रजिस्ट्रेसन बाँडफाड (मालपोत) | | ५,००,०००.०० | पाँच लाख |

| | | | |
|---|---|---|---|
| १४ | दहत्तर वहात्तर बाँडफाड (प्रदेश सरकार) | २५,००,०००.०० | पच्चीस लाख |
| १५ | आन्तरिक आय | ३,९४,४२,०००.०० | चार करोड पच्चीस लाख बयालीस हजार |
| **कुल जम्मा** | | ४४,२६,५४,०००.०० | ४४ करोड २६ लाख ५४ हजार |